हुंकार मधेश अभियानको कार्यविधि तथा आचारसंहिता

- अभियान अनुशासित र योजनाबद्ध ढंगले सञ्चालन हुनेछ ।

- अभियानको तीन तह ; केन्द्र , प्रदेश र जिल्ला तह हुनेछ ।

- तीनवटै तहले नियमित कार्य संचालन गर्न र अत्यावश्यक निर्णयहरु गर्न एउटा सचिवालय गठन गर्नेछ ।

- यस अभियानको उदेश्य प्रति प्रतिवद्ध र योग्यताको मापदण्ड पूरा गर्ने व्यक्ति अभियन्ता बन्न सक्नेछन ।

- अभियानको कार्य संचालन गर्न तीनवटै तहमा सहजकर्ता , प्रवक्ता र अभियान्ताको जिम्मेवारी तोकिनेछ ।

- केन्द्रबाट जारी भएका नीति, निर्देशन र कार्यक्रमलाई तीनवटै तहले कार्यान्वयन गर्नेछ ।

- तीनै तहले नियमित बैठक, प्रशिक्षण, अध्ययन तथा जनसम्पर्क कार्यक्रम सञ्चालन गर्नेछ ।

- डिजिटल माध्यम, प्रकाशन, बहस, अन्तरक्रिया र अभियानमार्फत विचार प्रवाह गर्नेछ।

- तीन महिनाभित्र सामाजिक सञ्जालको सबै माध्यम प्रयोग गरि अभियानलाई ब्राण्डिङ र प्रोमोट गरिनेछ । यस कार्यमा सबै अभियानीहरुले टीम बनाई योगदान गर्नेछ ।

- संगठन निर्माण, वैचारिक प्रशिक्षण र जनजागरणलाई प्राथमिकता दिइनेछ ।

- प्रत्येक अभियन्ताले आफ्नो व्यक्तिगत जीवनमा नैतिकता, स्वावलम्बन र अनुशासनको अभ्यास गर्नेछ ।

- सबै तहमा लोकतान्त्रिक विधि प्रक्रिया अवलम्बन गरिने छ र निर्वाचन प्रणालीद्वारा नै समितिहरुको गठन गरिनेछ ।

- पुर्व पार्टीका अध्यक्ष र वरिष्ठ नेता सम्मीलित मार्गदर्शक मण्डल, केन्द्रमा आवद्ध यस अभियानसंग सम्बन्धित सदस्यहरुको एउटा केन्द्रीय अभियन्ता समूह, प्रदेश स्तरमा एउटा प्रादेशिक अभियन्ता समूह र जिल्लामा तोकिने सम्पर्क व्यक्तिले जिल्लामा पहिलो चरणमा आवद्ध यस अभियानसंग जोडिएका व्यक्तिहरु सम्मिलित जिल्ला अभियन्ता समूह गठ्न गर्नेछ ।

- अभियानको उदेश्य प्राप्तिको निम्ति केन्द्रीय तह, प्रादेशिक तह र जिल्ला तहमा रहेका अभियन्ता समुहले नियमित बैठक गर्नेछ ।

- अन्य राजनीतिक संगठनमा लागेका व्यक्तिहरुलाई आ-आफ्नो संगठन परित्याग गरि यस अभियानमा लाग्न प्रेरित गरिनेछ तर अन्य राजनीतिक संगठनमा लागेकै कारण यस अभियानमा जोडिन बाधा पर्नेछैन । तर अन्य संगठनमा पनि आवद्ध रहेका अभियानीहरुलाई यस अभियानको मुख्य जिम्मेवारी दिइने छैन ।

- केन्द्रीय अभियन्ता समूह, प्रादेशिक अभियन्ता समुह र जिल्ला अभियन्ता समुहले तोकिएकै समयमा आ-आफ्नो तहमा Group of hundred for madhesh (GOHFM) गठन गर्नेछ ।

- तीनै तहमा रहेका अभियन्ताहरु आ-आफ्नो तहमा समान हैसियतमा रहनेछन ।

- अभियानको सिद्धान्त, नीति र एजेन्डा स्वीकार गर्ने योग्य व्यक्तिहरुलाई उमेर हदकै कारण कुनैपनि अभियनीले विभेद गर्ने, निषेध गर्ने जस्ता गतिविधि गर्न छुट दिइने छैन ।

- सामुहिकताको आधारमा गरिएका निर्णयहरु सबै अभियानीहरुले पालना गर्नुपर्ने छ ।

- फरक फरक भुगोलमा अभियान संचालन गर्दा हुंकार मधेशसंग समन्वय गरि फरक फरक नाममा पनि अभियान संचालन गर्न सकिनेछ ।

- अहिले कायम हुने केन्द्रीय तह, प्रादेशिक तह र जिल्ला तहमा अभियान संचालन गर्न सहजकर्ता, प्रवक्ता र विभागिय प्रमुख सहित एउटा सचिवालय गठन गरिनेछ ।

- कुनै पनि तहको अध्यक्ष/ संयोजक बन्न ४९ वर्ष ननाघेको व्यक्ती हुनुपर्ने छ र कुनै पनि तहका सदस्य/ पदाधिकारी बन्न ६५ वर्ष उमेर ननाघेको व्यक्ती हुनुपर्ने छ । साथै ६५ वर्ष भन्दा बढी उमेरका व्यक्ति मार्गदर्शक मण्डल र सल्लाहकार समितिमा बस्न बाधा पर्ने छैन।

- कुनै पनि तहको बैठक सम्बन्धित तहको २०% सदस्यले अध्यक्ष/संयोजकलाई लिखित प्रस्ताव गरेमा तत्काल बढीमा १० दिन भित्र बस्नु पर्नेछ ।

- कुनै पनि तहका कुनै पनि सदस्य पदाधिकारीले संगठनको उदेश्य विपरीत काम गरेमा बहुमत सदस्यले राइट टि रिकलको प्रयोग गर्दै नीजलाई हटाउन सक्नेछ र उक्त ठाउँमा पदपूर्ति गर्न सक्ने छन। साथै चित नबुझेमा हटाइएका व्यक्तीले अनुशासन समितिमा निवेदन दिन सक्नेछन र सहि साबित भएमा नीजलाई सोही ठाँउमा पदस्थापना गर्न सकिनेछ ।

- कुनै कारणवस सर्वसहमतिबाट निर्णय हुन नस्केको खण्डमा जुनसुकै तहका समितिले बहुमतको आधारमा निर्णय गर्न सक्नेछन ।

- झापादेखि कंचनपुरसम्मको यात्रा पश्चात् तीनवटै तहमा संगठन विस्तार भए पश्चात सबै समितिमा लोकतान्त्रिक विधि प्रक्रिया अनुसार केन्द्रीय सचिवालयले तोके अनुसारका संख्या र पदको निर्वाचन/मनोनयन गरिनेछ ।

- कार्यविधि र आचारसंहितामा उल्लेख नभएको विषय भएमा वा कुनै प्रकारको कानुनी विवाद उत्पन्न भएमा सोको समाधान केन्द्रीय सचिवालयको निर्णय भए बमोजिम हुनेछ ।